# प्रस्तावः मिति २०७७/०६/३० गते शुक्रबार ९२ औं कार्यपालिका बैंठक

१. तयार नेपाल परियोजनाको लागि लाभग्राही चयन निर्देशिका स्वीकृति तथा तयार नेपाल - सुदृढ विपद जोखिम व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्य क्षेत्र निर्धारण सम्वन्धमा
२. जिल्ला प्रहरी कार्यालयलाई सवारी साधन उपलब्ध गराउने सम्वन्धमा
३. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा
४. लगानी साझेदारीका लागि आशय पत्र सम्वन्धमा
५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाली/वस्तु छनौट सम्बन्धमा।
६. कार्यविधि पारित सम्वन्धमा
७. वडा नं १६ भयरथान संरक्षणका लागि तारजाली सम्वन्धमा .
८. आर्थिक सहयोग
९. नगर प्रशासनीक भवनको ल.ई स्वीकृत गर्ने सम्बन्धमा।
१०. शुभकामना सम्वन्धमा
११. स्वास्थ्य लाभको कामना

__निर्णय नं. १:__

**१.१** ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस)को च.नं. ३०, मिति २०७७/०६/१३ को पत्रानुसार अमेरिकी सहयोग नियोगको आर्थिक सहयोगमा घोराही उपमहानगरपालिकामा तयार नेपाल-सुदृढ विपद जोखिम व्यववस्थापन कार्यक्रम संचालनार्थ लक्षितवर्ग छनौट र योजना छनौटका लागि तयार नेपाल परियोजनाको लागि लाभग्राही चयन निर्देशिका निर्माण गरेको र उक्त निर्देशिका समर्थनका लागि पेश गरेको हुँदा सो तयार नेपाल परियोजनाको लागि लाभग्राही चयन निर्देशिका समर्थन गर्ने।

**१.२** ब्याकवार्ड सोसाइटी एजुकेशन(बेस)को च.नं. २९, मिति २०७७/०६/१२ को पत्रानुसार संस्थाले अमेरिकी सहयोग नियोगको आर्थिक सहयोगमा घोराही उपमहानगरपालिकामा तयार नेपाल-सुदृढ विपद जोखिम व्यववस्थापन कार्यक्रम सेप्टेम्बर १५, २०२० देखि जनवरी १४, २०२१सम्म ४ महिनाको लागि संचालन हुने भएकोले उक्त कार्यक्रम संचालन गर्न कार्यक्षेत्र निर्धारणका लागि अनुरोध भएको हुँदा पत्रमा उल्लेख भएका क्रियाकलापहरुका लागि घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका वडाहरुमा संचालन गर्न।

तपशिलः

| सिनं. | कार्यक्रम विवरण (क्रियाकलाप) | संचालन हुने वडा | सहभागी संख्या (जना) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | नगदका लागि श्रमः २०३ जना | १,३,४,७,६,८,१०,१२,१४,१५ | २० जनाका दरले प्रत्येक वडामा | २०० | बाँकी ३ जना वडा नं . १ मा थप गर्ने |
| २. | सशर्त आयआर्जन सहयोग१५८ जना : | २,५,९,११,१६,१९,१३ | २२ जनाका दरले प्रत्येक वडा | १५४ | बाँकी ४ जना वडा नं . १९ मा थप गर्ने |
| ३. | लघु साना तथा मझौला उद्यम संचालनः २५ जना | १७ र १८ | वडा नं. १७ मा १३ जना वडा नं. १८ मा १२ जना | २५ | |

**निर्णय नं:२ .**

जिल्ला प्रहरी कार्यालय घोराही दाङको च.नं. २९७ मिति २०७७/०६/२७ को पत्रानुसार जिल्ला प्रहरी कार्यालय अन्तर्गतका विभिन्न स्थानमा दैनिक गस्ती पेट्रोलिङ गर्नको लागि सवारी साधन (मोटरसाइकल) आवश्यक भएको हुँदा सवारीसाधन माग भई आएको हुँदा २ थान १५० सिसिको मोटरसाइकल उपलब्ध गराउने।

**निर्णय नं:३ .**

घोराही उपमहानगरपालिका अन्तर्गत नगर शिक्षा समितिको मिति २०७७ २१ गते बसेको बैठकको/०६/ तपशिलबमोजिमको निर्णय अनुमोदन गर्ने ।

३.१ घोराही उपमहानगरपालिका अन्तर्गत केहि धार्मिक स्थानमा परम्परागत विद्यालय संचालन गर्नका लागि तयार पारिएको "परम्परागत विद्यालय संचालन कार्यविधि २०७७ पारित गर्ने "।

३.२ शैक्षिक सत्र २०७७ देखि पूर्वप्राथमिक तह संचालन एवं आधारभूत तहका कक्षा थप अनुमति माग भएका तपशिल बमोजिमका विद्यालयहरुलाई अनुमति दिने।

**तपशिल:**

| सि.नं. | विद्यालयको नाम | किसिम | थप कक्षा |
|---|---|---|---|
| १. | श्री सनराइज एकेडेमी घोराही१२- | संस्थागत | कक्षा ८ |
| २ | श्री न्यु ज्ञानकुञ्ज इ वो स्कुल घोराही -१२ | संस्थागत | कक्षा ४ |
| ३ | श्री पाण्डेश्वरी इ स्कुल घोराही -१२ | संस्थागत | कक्षा ३ |
| ४ | श्री बहु आयामिक शिक्षा सदन घोराही -६ | संस्थागत | कक्षा ३ |
| ५ | श्री एपल एकेडेमी घोराही -१० | निजि गुठी | मन्टेश्वरी |
| ६ | श्री व्लु बर्ड मन्टेश्वरी घोराही -१५ | निजि गुठी | मन्टेश्वरी |
| ७ | श्री किड्स केयर मन्टेश्वरी स्कुल घोराही -१५ | निजि गुठी | मन्टेश्वरी |
| ८ | श्री मनसुन मन्टेश्वरी घोराही -१५ | निजि गुठी | मन्टेश्वरी |
| ९ | श्री पाण्डेश्वर महादेव मन्दिर घोराही -५ | धार्मिक | बेद पाठशाला |
| १० | श्री गोरखनाथ बैदिक गुरुकुल घोराही -१७ | धार्मिक | आधारभुत तह कक्षा ६ |
| ११ | श्री प्रा. वि. सुकाखोला | सामुदायिक | कक्षा १ |
| १२ | श्री सुनाली प्रा. वि. दम्ति घोराही -१९ | सामुदायिक | कक्षा ४ र ५ |
| १३ | श्री जनता प्रा. वि. काउलीचौर घोराही -१९ | सामुदायिक | कक्षा ४ |
| १४ | श्री प्रा. वि. सल्लीकोट माले घोराही -१ | सामुदायिक | कक्षा ३ |
| १५ | आ. वि. सवारीकोट घोराही४- | सामुदायिक | कक्षा ८ |
| १६ | मदरसा दारुलहुदा अलसलफिया प्रा.वि. घोराही-१४ | मदरसा | कक्षा ६ |

**निर्णय नंः ४ .**

कृषि ज्ञान केन्द्र दाङ नेपाल/मिति २०७७ ,६५.नं.च ,०५.३० को पत्रानुसार चालु आ/व ७८/२०७७ . को स्वीकृत वार्षिक कार्यक्रम स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म सहितको नमुना फार्म स्थापना संचालन कार्यविधि -२०७७ को परिच्छेद-२ को दफा ४ को उपदफा ७ र ८ बमोजिम कुल लागतको कम्तिमा १० लगानी प्रतिवद्धता सहित आशयपत्र प्राप्त (दश प्रतिशत ) % भएको स्थानीय तहमा मात्र यो कार्यक्रम लागु गर्ने प्रावधान रहेकाले उक्त कार्यविधिको परिच्छेद ३- को दफा ८ को उपदफा १ र ३ अनुसारको अनुदान मापदण्ड अनुसार सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रमका लागि घोराही उपमहानगरपालिकाबाट लगानी गर्न सकिने आशय पत्र सम्वन्धित निकायमा जानकारी गराउने।

**निर्णय नंः ५ .**

कृषि ज्ञान केन्द्र दाङको च.१३ गतेको पत्रानुसार आ/०६/१०० मिति २०७ .नं.व ०७८ को/२०७७ . प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ब्लक विकास कार्यक्रम छनौटका लागि माग भए अनुसार घोराही उपमहानगरपालिकामा धान र मकै २ वटा बाली प्राथमिकतामा रहेको हुँदा ब्लक विकास कार्यक्रमका लागि धान र मकै छनौट गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको सूचना तथा संचार प्रविधि शाखाबाट पेश भएको सूचना प्रवाह तथा "अभिलेख व्यवस्थापन सम्वन्धी कार्यविधि २०७७"कार्यविधि पारित गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका १६ नं/मिति २०७७ ,१००२ .नं.वडा कार्यालयको च .०६ १५ को/ .सिफारिस पत्रानुसार घोराही उपमहानगरपालिका वडा नं१६ स्थित ज्ञानोदय टोल विकास संस्थामा अवस्थित भयरथान संरक्षणका लागि आवश्यक तारजाली र पोल माग भएको हुँदा सो भयरथान संरक्षणका लागि लाग्ने आवश्यक तारजाली र पोल उपलब्ध गराउने।

**निर्णय नं ८**

राउटे लोपोन्मुख सिमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल दाङको च.नं. २२ मिति २०७७/०६/२९ को पत्रानुसार फिरन्ते जीवन विताइरहेका राउटे जातीको लागि महानपर्व दशैमा आवश्यक लत्ता कपडा र खाद्यान्न खरिदका लागि आवश्यक सहयोग माग भई आएकोले नेपालीहरुको महान पर्व दशै मनाउनका लागि लोपोन्मुख सिमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल दाङलाई रु.३०,०००।— (तीस हजार) विविध शीर्षकबाट आर्थिक सहयोग गर्ने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको नगर प्रशासनीक भवन निर्माण कार्यका लागि शहरी तथा पूर्वाधार विकास महाशाखाबाट तयार भएको अनुमानित ल.ई. रु. ३०,९४,८३,९७०।६४(अक्षरुपी तिस करोड चौरानब्बे लाख तिरासी हजार नौ सय सत्तरी र पैसा चौसठ्ठी) को परिधी भित्र रही विद्युतीय खरिद प्रणाली(E-Bidding) द्वारा बोलपत्र आह्वान गरी प्रकृया अगाडी बढाउन सार्वजनिक खरिद नियमावली, २०६४ (दशौं संशोधन २०७७) को नियम १४ उपनियम (१) (घ) अनुसार दश करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट स्वीकृत गर्ने कानूनी व्यवस्था भए अनुसार नगर प्रशासनीक भवन निर्माण आयोजनाको ल.ई. स्वीकृत गर्ने ।

**निर्णय नं. १०**

नेपालीहरुको महानपर्व बिजयादशमी २०७७ को पावन अवसरमा सम्पूर्ण आदरणीय नगरवासी महानुभावहरुमा सुखसम्वृद्धि र सुस्वास्थ्यको हार्दिक ,शान्ति , मङ्गलमय शुभकामना व्यक्त गर्ने। कोरोना ( कोभिड १९) सङ्क्रमणको विषम परिस्थितिमा स्वास्थ्यका मापदण्डहरु पालना गरी उच्च स्वास्थ्य सतर्कता अपनाउदै आइरहेको महानपर्वलाई संवेदनशील ढंगले समाजमा हुने विकृति विसङ्गती जस्ता कुनैपनि क्रियाकलापहरु नगरी विजयादशमी घर परिवारमै सिमित र सुरक्षित रही मनाउन हार्दिक अनुरोध गर्ने ।

**निर्णय नं. ११**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना (१९- कोभिड) को संक्रमणबाट स्वास्थ्यका मापदण्डहरु पालना एवं उच्च सतर्कता अपनाउँदा पनि घोराही उपमहानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरु आफ्नो कर्तव्य पालना गर्नेक्रममा संक्रमित भएको हुँदा घोराही उपमहानगरपालिकामा संक्रमित भई उपचार तथा सेल्फ आइसोलेसनमा बस्नु भएका सम्पूर्ण नगरवासीजनप्रतिनिधि एवं कर्मचारीहरु ,को स्वास्थ्यलाभको कामना गर्ने ।